# प्रदेश नं ५, प्रदेश सञ्चार नीतिमाथि विश्लेषण र सुझाव

फ्रिडम फोरम
थापाथली काठमाडौँ
फोन नं. ०१-४१०२०३०, ४१०२०२२,
फ्याक्स : ०१-४२२६०९९
इमेल : info@freedomforum.org.np
वेभसाइट : freedomforum.org.np

## क) भूमिका

प्रदेश नं ५ को सरकारका तर्फबाट आन्तरिक मामिला एवं कानून मन्त्रालयले प्रदेशको सञ्चार नीति, सार्वजनिक बहस र सुझाव संकलनको उद्देश्यले सार्वजनिक गरेको छ। यो एक सकारात्मक र प्रशंसनीय पहल हो। हामी यस्तो कार्यको स्वागत गर्दछौं। कुनै पनि नीतिलाई अन्तिम रुप दिनु अगाडि जनस्तर सरोकारवालाहरूबीच पर्याप्त छलफल गरी रचनात्मक सुझावहरू प्राप्त गर्ने प्रदेश सरकारको प्रयासलाई सहयोग पुगोस् भनी फ्रिडम फोरमको तर्फबाट पनि यस नीतिको मस्यौदालाई विश्लेषण गरी केही सुझावहरू प्रस्तुत गरेका छौं।

## ख) नीतिका प्रमुख विशेषताहरू :

प्रदेश नं. ५ प्रदेश सञ्चार नीति, २०७५ को पृष्ठभूमिमा नेपालको संविधानले परिकल्पना गरेको खुला, जनमुखी, पारदर्शी र जवाफदेही राज्य व्यवस्थालाई मूर्तरुप दिन स्वतन्त्र, उत्तरदायी र जिम्मेवार आमसञ्चार माध्यमको भूमिकालाई आत्मसात गर्दै, नागरिकको सुसूचित हुन पाउने र अभिव्यक्त गर्न पाउनेसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेका सिद्धान्तहरूलाई समेत ध्यानमा राख्दै, सञ्चार माध्यम तथा सञ्चारकर्मीको स्वतन्त्रताको संरक्षण गर्ने व्यवस्था मिलाउन र प्रदेशमा सञ्चार क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि यो नीति तर्जुमा गरिएको भनी स्पष्ट पारिएको छ।

त्यसैगरी नीतिलाई लक्ष्य, उद्देश्य, आधारभूत नीति,विषयगत नीति र विविध गरी ५ भागमा विभाजन गरिएको छ। आधारभूत नीति अन्तर्गत सञ्चारको पूर्वाधारमा विकासलाई संस्थागत गरिने, स्थानीय सामग्रीको प्रकाशन प्रसारण गर्न प्रोत्साहित गरिने, विज्ञापनको प्रभावकारिता बढाउने, प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठान स्थापना गरिने जस्ता विषयहरूलाई समावेश गरिएको छ।

त्यसैगरी विषयगत नीति अन्तर्गत प्रशारण सेवामा फ्रिक्वेन्सी बाँडफाँड, प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठानको स्थापना, निजी एवं व्यवसायिक प्रसारणसम्वन्धी व्यवस्था, सामुदायिक प्रसारणसम्बन्धी व्यवस्था, सूचना बैंकको स्थापना, छापा सञ्चार माध्यमको दर्ता, अभिलेख, वर्गीकरण र नियमन गर्ने व्यवस्था, विद्युतीय सञ्चार माध्यम, चलचित्र, विज्ञापन, टेलिभिजन सिग्नल र केवुल वितरणसम्बन्धी व्यवस्थाहरू समावेश गरिएको छ।

## ग) सुधारका लागि सुझावहरू :

नीतिका विभिन्न खण्डमा रहेका कुल ६८ वटा बुँदामध्ये ४४ वटा बुँदाहरूमा सामान्य भाषिक सम्पादनदेखि नीतिमा रहनु उपयुक्त नदेखिएका कारणसहितका विभिन्न सुझावहरू प्रस्तुत गरिएको छ। नीतिमा रहेका व्यवस्थाको सट्टामा हुनुपर्ने व्यवस्थाको मस्यौदा तथा त्यस्का कारण समेत यस तीन महलेमा प्रस्तुत छ :

| बुँदा/ खण्ड | प्रस्तावित व्यवस्था | सिफारिस गरिएको व्यवस्था | टिप्पणी |
|---|---|---|---|
| २. उद्देश्यहरू | स्वतन्त्रतालाई मूर्त रूप दिन तथा स्वच्छ, निष्पक्ष, लोकतान्त्रिक मूल्य मान्यतामा आधारित आत्मनिर्भर,जवाफदेही र उत्तरदायी सञ्चारको विकास गर्ने। | स्वच्छ, निष्पक्ष, लोकतान्त्रिक मूल्य मान्यतामा आधारित स्वतन्त्र आत्मनिर्भर,जवाफदेही र उत्तरदायी सञ्चारको विकास गर्ने। | भाषिक सम्पादन गरिएको र स्पष्ट पारिएको। |

| | | | |
|---|---|---|---|
| २.५ | प्रदेशको विविधतालाई सम्बोधन गर्दै सञ्चारलाई समावेशी क्षेत्रको रुपमा विकास गर्ने । | प्रदेशको विविधतालाई सम्बोधन गर्दै सञ्चार क्षेत्रमा समावेशीतालाई प्रर्वद्धन गर्ने । | सञ्चार क्षेत्रमा समावेशीकरणको बारे स्पष्टता ल्याउन सम्पादन गरिएको । |
| २.६ | सञ्चार क्षेत्रमा ज्ञान, सीप, योग्यता र क्षमतायुक्त जनशक्ति भित्र्याई यसलाई मर्यादित पेशाका साथै आकर्षक रोजगारीको क्षेत्रका रुपमा विकास गर्ने । | सञ्चार क्षेत्रमा ज्ञान, सीप, योग्यता र क्षमतायुक्त जनशक्ति आकर्षित गरी यसलाई मर्यादित पेशाका साथै आकर्षक रोजगारीको क्षेत्रका रुपमा विकास गर्ने । | सम्पादन गरिएको । |
| २.८ | सञ्चार माध्यमको व्यवसायिकता विकासका लागि विज्ञापन बजारलाई प्रवर्द्धन गर्ने । | सञ्चार माध्यमको व्यवसायिक विकासका लागि विज्ञापन बजारलाई प्रवर्द्धन गर्ने । | सम्पादन गरिएको । |
| ३.१ | संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्न तथा प्रेस स्वतन्त्रतालाई सुनिश्चित गर्न प्रदेश स्तरमा सञ्चारको पूर्वाधार विकासलाई संस्थागत गरिनेछ । | संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्न तथा प्रेस स्वतन्त्रतालाई सुनिश्चित गर्न प्रदेश स्तरमा सञ्चारको सुदृढ पूर्वाधार विकास गरिनेछ । | पूर्वाधारको संस्थागत भन्ने कुरा अस्पष्ट भएकोले सुदृढ पूर्वाधार विकास भन्नु उपयुक्त देखिने हुँदा सम्पादन गरिएको । |
| ३.२ | सरकार र जनता बिच सम्बन्धको माध्यमको रुपमा सञ्चार क्षेत्रलाई विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । प्रदेश स्तरीय सञ्चार माध्यमको स्थापना र विकास गर्ने क्रममा सञ्चार माध्यमका साविकका क्षेत्रीय संरचनाहरूलाई प्रदेश संरचनामा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ । | सञ्चार क्षेत्रका विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ । | ३.२ लाई टुक्र्याएर २ फरक विषयमा स्पष्ट नीति अवलम्वन हुनु राम्रो भएकाले ३.३ दफा थप प्रस्ताव गरिएको । |
| | प्रस्तावित नीतिको बुँदा ३.२ लाइ टुक्र्याइ ३.३ मा राख्दा उपयुक्त देखिन्छ । | ३.३ प्रदेश स्तरीय सञ्चार माध्यमको स्थापना र विकास गर्ने क्रममा सरकारी सञ्चार माध्यमका साविकका क्षेत्रीय संरचनाहरूलाई प्रदेश संरचनामा सार्वजनिक सेवा सञ्चार (Public Service | |

| | | | |
|---|---|---|---|
| | | Broadcasting) माध्यमका रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइने छ । | |
| ३.३ | राष्ट्रिय अखण्डता, नागरिक बीचको सदभाव, राष्ट्रिय सुरक्षा, प्रदेशको विविधता र मौलिकताको संरक्षण संम्वर्द्धनमा सञ्चार माध्यमले प्रवाह गर्ने विषयवस्तुमा संवेदनशीलता अपनाउन स्वनियमनमा जोड दिइने छ । | सञ्चार माध्यमहरूको स्वनियममा जोड दिइने छ । | प्रस्तावित व्यवस्था अंतरगत उल्लेखित शब्दावली संविधानमानै भएकाले यो नीतिमा राख्नु आवश्यक छैन । स्वनियमनबारे स्पष्ट नीति प्रष्ट भाषामा हुनु राम्रो हुने । |
| ३.४ | प्रदेश भित्र सञ्चालन हुने छापा माध्यम र प्रसारणका माध्यममा कार्यरत जनशक्तिको योग्यता र क्षमता निर्धारण गरी तिनलाई जवाफदेही बनाइनेछ । | हटउने । | योग्यता र क्षमता तोक्ने जिम्मेवारी सरकारको होइन । यो दायित्व सम्बन्धित मिडियाको हो । सरकारले योग्यता र क्षमता तोकेको पत्रकार हुन पाउने र नपाउने कुरामा राजनितिक हस्तक्षेप बढ्ने खतरा हुने । |
| ३.६ | सञ्चारका माध्यमको वर्गीकरण गरी शर्त र सहुलियत निर्धारण गरिनेछ । | सञ्चारका माध्यमको वर्गीकरण स्वतन्त्र र स्वायत्त निकायबाट गर्ने व्यवस्था गरी सहुलियत निर्धारण गरिनेछ । | वर्गिकरण गर्ने काम स्वतन्त्र निकायबाट मात्र हुनु उपयुक्त हुने । |
| ३.७ | सञ्चार माध्यममा प्रस्तुत गरिने सामग्रीमा प्रदेशभित्रको विविधताको सम्बोधन गर्दै स्थानीय भाषाको प्रस्तुतिलाई प्रवर्द्धन गरी स्थानीय सामग्रीको प्रकाशन प्रसारण गर्न प्रोत्साहित गरिनेछ । | प्रदेश भित्रको विविधताको सम्बोधन गर्दै सञ्चार माध्यममा स्थानीय भाषाको प्रस्तुतिलाई प्रवर्द्धन गरी स्थानीय सामग्रीको प्रकाशन प्रसारण गर्न प्रोत्साहित गरिनेछ । | सञ्चारमाध्यममा विविधतालाई स्पष्ट नीति बनाउनलाई सम्पादन गरिएको । |
| ३.८ | विदेशी लगानीको निर्णायक भूमिका हुने गरी सञ्चार माध्यम सञ्चालन गर्न कानूनी रुपमा रोक लगाइने छ । | विदेशी लगानीको ५० वा सो भन्दा वढी शेयर/हिस्सा रहने गरी सञ्चार माध्यम सञ्चालन गर्न कानूनी रुपमा | निर्णायक भन्ने शव्दले स्पष्टता दिदैन । तसर्थ ४९% सम्म मात्र विदेशी लगानीलाई स्वीकारगर्ने |

| | | | |
|---|---|---|---|
| | सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी तथा कर्मचारी नेपाली नागरिक हुनुपर्नेछ । | रोक लगाइने छ । सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मीतथा कर्मचारी नेपाली नागरिक हुनुपर्नेछ । | नीति बनाउनु उपयुक्त हुने । |
| ३.९ | विदेशी पत्रपत्रिकाको नेपाल संस्करण वा मुद्रण एवं विदेशी रेडियो र टेलिभिजनको प्रसारण, पुनः प्रसारण, रिले प्रसारण र विदेशी उत्पादनको प्रसारण यस प्रदेशबाट हुने भएमा त्यस्ता प्रसारणलाई नेपालको संविधानको मर्म र भावना एवं प्रदेशको मौलिक संवेदनशीलतामा असर नपर्ने गरी प्रकाशन वा प्रसारण गर्न कानूनद्वारा व्यवस्थित गरिनेछ । | हटाउने । | यो संघीय नीतिको क्षेत्रमा समेटिने विषय हो । |
| ३.१० | सञ्चार माध्यमको प्रोत्साहनका लागि प्रदान गरिने लोककल्याणकारी विज्ञापनको प्रभावकारी र न्यायपूर्ण वितरणका लागि व्यवस्था मिलाइने छ । | सञ्चार माध्यमको प्रोत्साहनका लागि प्रदान गरिने सरकारी लोककल्याणकारी विज्ञापनको समानुपातिक वितरणका लागि व्यवस्था मिलाइने छ । | स्पष्ट पारिएको । |
| ३.१५ | केवुलमा आधारित सञ्चार माध्यमहरूलाई व्यवस्थित गरिने छ । | हटाउने । | यो सामान्य व्यवस्थापनको विषय हो । नीतिमानै उल्लेख गर्नु आवश्यक नभएको । |
| ४.१.१ | फ्रिक्वेन्सी बाँडफाँडको अधिकार संघीय सरकारलाई भएकाले प्रदेश सरकारको सिफारिसमा मात्र फ्रिक्वेन्सी वितरण गर्न संघीय सरकारसँग समन्वय गरिने छ । कुनै एक व्यक्ति, संस्था वा सञ्चालकलाई एक भन्दा बढी फ्रिक्वेन्सी सिफारिस गरिने छैन ।फ्रिक्वेन्सी प्राप्त गर्नुपूर्व प्रदेश सरकारको सिफारिस अनिवार्य गरिने छ । | प्रदेश सरकारको सिफारिसमा मात्र फ्रिक्वेन्सी वितरण गर्न संघीय सरकारसँग समन्वय गरिने छ । कुनै एक व्यक्ति, संस्था वा सञ्चालकलाई एक भन्दा बढी रेडियो माध्यमको लागि वा टेलिभिजन माध्यमको लागि फ्रिक्वेन्सी सिफारिस गरिने छैन । | संघीय सरकारको क्षेत्रमा पर्ने विषयमा सम्पादन गरि स्पष्ट पारिएको । |
| ४.१.२ | फ्रिक्वेन्सी राष्ट्रिय श्रोत भएकाले यसको खरिद विक्रिलाई | प्रसारण संस्थाको स्वामित्व खरिद, बिक्रि वा हस्तान्तरण | व्याख्यात्मक सन्दर्भ नीतिमा आवश्यक छैन । |

| | | | |
|---|---|---|---|
| | निरुत्साहित गर्न प्रसारण संस्थाको स्वामित्व खरिद, बिक्रि वा हस्तान्तरण भएपनि सो प्रसारण संस्थाले उपयोग गरेको फ्रिक्वेन्सी खरिद, बिक्रि वा हस्तान्तरण भएको मानिने छैन । यसै गरी एकपटक फ्रिक्वेन्सी प्राप्त गरिसकेपछि ३ वर्षसम्म नविकरण नभएको अवस्थामा सो फ्रिक्वेन्सीमा प्रसारण गर्न दिइने छैन । यस्ता फ्रिक्वेन्सीहरूलाई पुनः नयाँ सरह वितरण गर्न संघीय सरकारलाई सिफारिस गरिनेछ । | भएपनि सो प्रसारण संस्थाले उपयोग गरेको फ्रिक्वेन्सी खरिद, बिक्रि वा हस्तान्तरण भएको मानिने छैन । यसै गरी एकपटक फ्रिक्वेन्सी प्राप्त गरिसकेपछि ३ वर्षसम्म प्रयोग नभएको अवस्थामा सो फ्रिक्वेन्सीमा प्रसारण गर्न दिइने छैन । यस्ता फ्रिक्वेन्सीहरूलाई पुनः नयाँ सरह वितरण गर्न संघीय सरकारलाई सिफारिस गरिनेछ । | स्पष्ट पार्न सम्पादन गरिएको । |
| ४.२.१ | प्रदेश सरकारले सञ्चालन गर्ने सार्वजनिक सेवा प्रसारणको समेत व्यवस्थापन गर्न ‘प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठान’को स्थापनागरिने छ । साविकका सार्वजनिक सञ्चार माध्यमका क्षेत्रीय प्रकाशन र प्रसारण केन्द्रहरूलाई सम्भव भएसम्म प्रदेश मातहत ल्याई प्रतिष्ठानमार्फत व्यवस्थापन गरिने छ । | प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठानमा सूचना तथा सञ्चार क्षेत्रमा अनुभव प्राप्त व्यक्तिलाई नियुक्त गरी सार्वजनिक उत्तरदायित्व सहितको स्वतन्त्र र व्यवसायिक संस्थाका रुपमा विकास गर्ने व्यवस्था गरिनेछ । | नीतिको दफा ४.२.२ लाई ४.२.१ मा राख्ने । |
| ४.२.२ | प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठानमा सूचना तथा सञ्चार क्षेत्रमा अनुभव प्राप्त व्यक्तिलाई नियुक्त गरी सार्वजनिक उत्तरदायित्व सहितको स्वतन्त्र र व्यवसायिक संस्थाका रुपमा विकास गर्नेव्यवस्था गरिनेछ । | प्रदेशको सार्वजनिक सेवा ( Public Service Broadcasting) प्रसारणको व्यवस्थापन “प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठान” ले गर्नेछ । साविकका राष्ट्रिय सञ्चार माध्यमका क्षेत्रीय प्रकाशन र प्रसारण केन्द्रहरूलाई प्रदेश मातहत ल्याई प्रतिष्ठान मार्फत व्यवस्थापन गरिने छ । | नीतिको दफा ४.२.१ लाई ४.२.२ मा राख्ने। स्पष्ट पारिएको र क्रम मिलाइएको । |
| ४.२.३ | प्रादेशिक सूचना तथा सञ्चार प्रतिष्ठानद्वारा सञ्चार माध्यमलाई जुनसुकै अवस्थामा पनि सञ्चालन हुन सक्ने गरी व्यवस्था मिलाइने छ । | हटाउने । | अस्पष्ट वाक्य भएकाले यहाँ राख्न आवश्यक देखिएन । |

| | | | |
|---|---|---|---|
| ४.२.४ | सञ्चार माध्यममा प्रसारण हुने विषयवस्तुलाई समावेशी, स्थानीय जनताको सरोकारका विषय,सचेतनामुखी कार्यक्रम, प्रदेश भित्रका संस्कृतिहरूको संरक्षण एवं जगेर्ना गर्न प्रोत्साहन गरिने छ । | सञ्चार माध्यममा प्रकाशन र प्रसारण हुने विषयवस्तु लाई समावेशी, स्थानीय जनताको सरोकारका विषय, सचेतनामुखी कार्यक्रम, प्रदेश भित्रका संस्कृतिहरूको संरक्षण एवं जगेर्ना गर्न प्रतिष्ठानले प्रोत्साहन गर्नेछ । | यो प्रतिष्ठानको काम भएकाले नीतिमा नै स्पष्ट पारिनु आवश्यक देखिएकाले सम्पादन गरिएको । |
| ४.३.२ | प्रसारण माध्यमलाई क्षमता र लगानीका आधारमा ठूला, मझौला र साना तथा उद्देश्यका आधारमा सामुदायिक र व्यवसायिक गरी वर्गीकरण गरिनेछ । सामुदायिक प्रसारण संस्थालाई अनुदान र अन्य सहुलियतमा विशेष प्राथमिकता दिइनेछ । | प्रसारण माध्यमलाई प्रशारण क्षमता र लगानीका आधारमा ठूला, मझौला र साना तथा उद्देश्यका आधारमा सामुदायिक र व्यवसायिक गरी वर्गीकरण गरिनेछ । | सम्पादन गरिएको । |
| ४.३.३ | एफ.एम रेडियोको सञ्जाल ( नेटवर्किङ) मार्फत हुने प्रसारणका कारण प्रदेश भित्रका भाषा, संस्कृति र रहन सहनमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न नेटवर्किङ वा रिले प्रसारण गर्नुपूर्व प्रदेश सरकारबाट अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ । | हटाउने। | यस्तो पूर्व शर्तले देशका अन्य प्रशारकहरूलाई संविधान विपरित नियन्त्रण र नियमन हुन पुग्छ ।<br>नागरिकको विभिन्न प्रशारण माध्यमको छनौट गर्न पाउने स्वतन्त्रतालाई पनि आघात पुग्दछ ।<br>साथै कानून विपरित हुने प्रशारणलाई राष्ट्रिय कानूनलेनै निषेध गर्ने भएकोले यस बुदांलाई हटाउन सिफरिस गरिएको । |
| ४.४.१ | उपभोक्ता समूह, स्थानीय तह, सार्वजनिक यातायात, जलवायु परिवर्तन, हावापानी तथा मौसम, जनस्वास्थ्य, पर्यटन र कृषिसँग सम्बन्धित सरकारी निकाय, गैरसरकारी संस्था वा सहकारी, स्थानीय क्लव, गुठी, सामुदायिक वा सार्वजनिक | गैरसरकारी संस्था वा सहकारी, स्थानीय क्लव, गुठी, सामुदायिक वा सार्वजनिक शैक्षिक संस्थाको स्वामित्वमा रहेको नाफा आर्जन नगर्ने र समुदायप्रति उत्तरदायी हुने नीतिगत प्रावधानको उद्देश्यका साथ | स्थानीय तह सरकारी निकाय हो सामुदायीक होइन।<br><br>त्यसैगरी सार्वजनिक यातायात वाणिज्य /व्यवसायिक निकाय हो सामुदायीक नमानिने |

| | | | |
|---|---|---|---|
| | शैक्षिक संस्थाको स्वामित्वमा रहेको नाफा आर्जन नगर्ने उद्देश्यका साथ सञ्चालित एफएम, रेडियो र टेलिभिजनहरूलाई सामुदायिक सेवा प्रशारणका रूपमा व्यवहार गरिनेछ । | सञ्चालित एफएम, रेडियो र टेलिभिजनहरूलाई सामुदायिक सेवा प्रसारण ( Community Service Broadcasting) का रूपमा व्यवहार गरिनेछ । | भएकाले सम्पादन गरिएको । |
| ४.५.१ | प्रदेशभित्र भएका घटनालाई सूचनाका रुपमा संकलन गरी सञ्चार माध्यमलाई उपलब्ध गराउने व्यवसायिक प्रयोजनका लागि सूचना बैंक स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । | प्रदेश भित्र भएका घटनालाई सूचनाका रुपमा संकलन गरी सञ्चार माध्यमलाई उपलब्ध गराउने व्यवसायिक प्रयोजनका लागि समाचार एजेन्सी वा समाचार सेवा स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । | सूचना बैंक भन्ने शब्दावली को सट्टा समाचार एजेन्सी भन्नु उपयुक्त हुने । |
| ४.६.१ | प्रदेश स्तरका छापा माध्यमको दर्ता, अभिलेख, वर्गीकरण र नियमन गर्ने व्यवस्था मिलाइने छ । दर्ता भई तोकिएको समय भित्र प्रकाशन नभएको पत्र पत्रिकाको नाम नयाँ पत्रिका दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले प्रयोग गर्न पाउने व्यवस्था गरिनेछ | प्रदेश स्तरका छापा माध्यमको दर्ता, अभिलेख, वर्गीकरण र नियमन गर्ने व्यवस्था मिलाइने छ । दर्ता भई ५ वर्ष सम्म पनि प्रकाशन नभएको पत्र पत्रिकाको नाम नयाँ पत्रिका दर्ता गर्न चाहने व्यक्ति वा संस्थाले प्रयोग गर्न पाउने कानूनी व्यवस्था गरिनेछ । | यहाँ लेखिएको समय भित्र भन्ने समयावधी निश्चीत हुनुपर्छ। ५ वर्षको समयावधी हुदाँ ठिक हुने । यस्तै "अभिलेखीकरण भन्ने शब्दावली नीतिमा हुनुपर्ने । |
| ४.६.२ | छापा सञ्चार माध्यमलाई उपलब्ध गराइने लोक कल्याणकारी विज्ञापनलाई औचित्यका आधारमा वितरण गर्ने व्यवस्था मिलाइने छ । अनुदानका लागि मात्र पत्रपत्रिका प्रकाशन गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ । यस्ता पत्रिकाका प्रकाशकलाई कारबाहीको व्यवस्था गरिने छ । | छापा सञ्चार माध्यमलाई उपलब्ध गराइने सरकारी लोक कल्याणकारी विज्ञापनलाई समानुपातिक वितरण गर्ने व्यवस्था मिलाइने छ । | देखिएकोले भन्ने शब्दावली हटाई सम्पादन गरिएको । सकारात्मक भाषा नीतिमा हुनु उपयुक्त हुने । |
| ४.६.३ | विविध विधामा गरिने पत्रकारिताको प्रवर्द्धन गर्दै प्रदेश भित्र प्रचलनमा रहेका स्थानीय भाषामा समेत पत्रपत्रिकाको | विविध विधाको पत्रकारितालाई प्रवर्द्धन गरिनेछ । | |

| | | | |
|---|---|---|---|
| | प्रकाशन गर्न प्रोत्साहन गरिनेछ । | | |
| ४.६.४ (नयाँ वुंदा प्रस्ताव) | प्रदेशभित्र प्रचलनमा रहेका स्थानीय भाषामा पत्रपत्रिकाको प्रकाशन गर्न प्रोत्साहन गरिनेछ । | | २ फरक विषय छुट्टाई स्पष्ट पारि नयाँ बुँदा प्रस्ताव गरिएको । |
| ४.७.१ | जुनसुकै विद्युतीय सञ्चार माध्यमदर्ता गरेर मात्र सञ्चालन गर्नुपर्ने छ । दर्ता नगरिकनसञ्चालित अनलाइन सञ्चार माध्यमलाई कारवाही गरिने छ । | अनलाईन सञ्चार माध्यम सञ्चालनकर्ताहरूलाई अभिलेखीकरण गरिनेछ । | सम्पादन गरि स्पष्ट पारिएको छ । साथै दर्ताको सट्टामा अभिलेखीकरण शब्द उपयुक्त हुने । |
| ४.७.२ | समाचारमूलक विद्युतीय सञ्चार माध्यमलाई वर्गीकरण गरी अन्य समाचार माध्यम सरह सुविधा र नियमनको व्यवस्था गरिने छ । | समाचारमूलक अनलाईन सञ्चार माध्यमलाई अन्य समाचार माध्यम सरह सुविधा र नियमनको व्यवस्था गरिनेछ । | विद्युतीय भन्ने शब्द स्पष्ट नभएकोले अनलाईन शब्दावली राखी सम्पादन गरिएको । |
| ४.७.३ | स्रोत पुष्टि नहुने, कसैको चरित्र हत्या हुने र गलत लाभ लिने गरी वा आम मानिसमा हिंसा, आतंकलाई प्रोत्साहन गर्ने सामग्री प्रकाशनरप्रसारण गर्न पाइने छैन । भ्रामक सूचना सम्प्रेषण गर्ने माथि सो सूचना वा समाचारले पारेको प्रभाव र समाचार प्रकाशित गर्नेको नियतका सम्बन्धमा साइवर सुरक्षा सम्वन्धी कानून अनुसार कारबाहीको व्यवस्था मिलाइने छ । | हटाउने । | यसप्रकारको आपत्तिजनक विषयमा कुरा सम्बोधन र नियन्त्रण गर्न पत्रकार आचारसंहिता र अन्य संघीय मिडिया कानूनहरू रहेको अवस्थामा यस नीतिमा फेरी छुट्टै सम्बोधन गर्न जरुरी नभएको । अन्य देवानी तथा फौजदारी विषयलाई तत् सम्वन्धी कानूनलेनै सम्बोधन गर्ने भएकोले । यो बुँदा हटाउने। |
| ४.७.४ | यस प्रदेशलाई लक्षित गरी अन्य प्रदेश वा विदेशबाट इन्टरनेटको माध्यमबाट सञ्चालन हुने विद्युतीय सञ्चार माध्यमको नियमनको व्यवस्था गरिनेछ । | यस प्रदेशलाई लक्षित गरी अन्य प्रदेश वा विदेशबाट इन्टरनेटको माध्यमबाट सञ्चालन हुने सञ्चार माध्यमको उचित नियमनको व्यवस्था गरिनेछ । | लक्षित गर्ने भनेको के हो? यस्लाई थप व्याख्या गर्न आवश्यक देखिन्छ । तसर्थ उचित नियमन सम्म मात्र भन्नु उपयुक्त |

| | | | |
|---|---|---|---|
| | | | हुने । |
| ४.७.५ | सूचना तथा सञ्चार प्रविधिको अवाञ्छित प्रयोगलाई निरुत्साहित गर्न इन्टरनेट सेवा प्रदायकलाई विशेष उपाय अवलम्बन गर्ने व्यवस्था गरिनेछ । | .सूचना तथा सञ्चार प्रविधिको अवाञ्छित प्रयोगलाई निरुत्साहित गरिनेछ । | नीतिलाई स्पष्ट पारिएको । |
| ४.७.६ | युट्यूब लगायतका अन्य विद्युतीय च्यानललाई समेत नियमनको दायरामा ल्याई यसका सकारात्मक लाभको प्रवर्द्धन गर्न र दुरुपयोग नियन्त्रण गर्न संघीय सरकार र अन्य प्रादेशिक सरकारसँग समन्व गरिनेछ । | इन्टरनेटका विभिन्न माध्यमहरूलाई नियमनको दायरामा ल्याई यसका सकारात्मक लाभको प्रवर्द्धन गर्न र दुरुपयोग नियन्त्रण गर्न संघीय सरकार र अन्य प्रादेशिक सरकारसँग समन्वय गरिनेछ । | स्पष्ट पारिएको । साथै कुनै एक माध्यमको नाम नीतिमा रहनु उपयुक्त नभएकाले युट्यूबको साटो इन्टरनेट लेखिएको । |
| ४.८.१ | पर्यटकको गन्तव्यस्थलका रुपमा रहेका यस प्रदेशको पर्यटकीय स्थानको विकास र प्रवर्द्धन गरी राष्ट्रिय एवं अन्तराष्ट्रिय चलचित्र छायाङ्कन स्थलको रुपमा विकास गर्न चलचित्र पर्यटनलाई प्रोत्साहन गरिनेछ । यस क्षेत्रमा चलचित्र छायांकन गर्न आउने समूहलाई सुरक्षा र सहजीकरण गर्न विशेष व्यवस्था गरिनेछ । | प्रदेशको मनमोहक प्राकृतिक एवं सास्कृतिक स्थानहरूलाई राष्ट्रिय एवं अन्तराष्ट्रिय चलचित्र छायाङ्कन स्थलको रुपमा विकास गर्न चलचित्र पर्यटनलाई प्रोत्साहन गरिनेछ । यस क्षेत्रमा चलचित्र छायांकन गर्न आउने समूहलाई सुरक्षा र सहजीकरण गर्न विशेष व्यवस्था गरिनेछ । | सरल र स्पष्ट पारिएको । |
| ४.८.२ | यस प्रदेशको मौलिकता एवं संस्कृतिलाई प्रतिबिम्बित गर्ने, विभिन्न मातृभाषामा उत्पादित तथा प्रदेशको मौलिकता र पहिचानलाई प्रवर्द्धन गर्ने चलचित्रलाई सरकारले विशेष सुविधा तथा सहुलियत उपलव्ध गराउने छ । | प्रदेशको मौलिकता एवं संस्कृतिलाई प्रतिबिम्बित गर्ने, विभिन्न मातृभाषामा उत्पादित तथा प्रदेशको मौलिकता र पहिचानलाई प्रवर्द्धन गर्ने चलचित्रलाई विशेष सुविधा तथा सहुलियत उपलव्ध गराइने छ । | स्पष्ट पारिएको । |
| ४.९.१ | प्रदेशभित्र सञ्चालित विज्ञापन एजेन्सीको दर्ता प्रदेशस्तरमा नै गर्ने व्यवस्था मिलाइने छ । प्रदेशस्तरीय वा राष्ट्रिय सञ्चार माध्यमबाट प्रसारण हुने प्रदेश | प्रदेशभित्र विज्ञापन एजेन्सीको दर्ता गर्ने व्यवस्था मिलाइने छ । प्रदेशस्तरीय वा राष्ट्रिय सञ्चार माध्यमबाट प्रसारण हुने प्रदेश भित्रका | विज्ञापन एजेन्सी भनेको कम्पनी रजिष्टारमा दर्ता भै चल्ने कम्पनी हो । छुट्टै अनुमति लिन पर्ने माध्यम होइनन। |

| | | | |
|---|---|---|---|
| | भित्रका विज्ञापनलाई प्रदेशस्तरीय एजेन्सीबाट उत्पादन गर्ने व्यवस्थालाई प्रवर्द्धन गरिनेछ । | विज्ञापनहरूलाई प्रदेशमा सञ्चालित विज्ञापन एजेन्सीबाट उत्पादन गर्ने व्यवस्थालाई प्रवर्द्धन गरिनेछ । | |
| ४.९.२ | आम उपभोक्तामा विज्ञापनले पार्ने नकारात्मक प्रभावको न्यूनीकरण गर्न र उपभोक्ताको उत्पादन र सेवा छनौट गर्न पाउने अधिकार सुनिश्चित गर्न अमर्यादित, अशोभनीय र संविधानको भावना प्रतिकूल विज्ञापन सामग्री प्रकाशन वा प्रसारण गर्न नपाइने व्यवस्था गरी उपभोक्ता हितको संरक्षण गरिनेछ । | आम उपभोक्तामा विज्ञापनले पार्ने नकारात्मक प्रभावको न्यूनीकरण गर्न र उपभोक्ताको उत्पादन र सेवा छनौट गर्न पाउने अधिकार सुनिश्चित गरिनेछ । | स्पष्ट परिएको र अन्य सन्दर्भ हटाउनु उपयुक्त देखिएको । |
| ४.९.३ | सञ्चारमाध्यमले राजनीतिक सङ्गठनका नाममा निर्वाचनको समय वा अन्य समयमा निर्वाचनको स्वच्छता र सार्वजनिक मर्यादामा प्रतिकूल प्रभाव पार्ने विज्ञापन वा अन्य सामग्री प्रसारण गर्न नपाउने गरी आवश्यक कानूनी व्यवस्था गरिनेछ । | सञ्चारमाध्यमले राजनीतिक सङ्गठनका नाममा निर्वाचनको समयमा निर्वाचनको स्वच्छता र सार्वजनिक मर्यादामा प्रतिकूल प्रभाव पार्ने विज्ञापन वा अन्य सामग्री प्रसारण गर्न नपाउने गरी आवश्यक कानूनी व्यवस्था गरिनेछ । | निर्वाचनको निश्चित समयमा मात्र त्यस्ता विज्ञापन नियमन गर्ने अन्तराष्ट्रिय प्रचलन र मान्यता भएकोले सोहि वमोजिम हुनु उपयुक्त हुने । |
| ४.९.४ | सञ्चार माध्यमले कुनै निश्चित विचार, धर्म र आस्था अथवा ब्रान्ड, उत्पादन वा सेवाको मात्र प्रचार वा एकाधिकार रहने गरी प्रकाशन, प्रसारण वा प्रदर्शन गर्न नपाउने गरी आवश्यक कानूनी व्यवस्था गरिनेछ । | कुनै निश्चित विचार, धर्म र आस्था अथवा ब्रान्ड, उत्पादन वा सेवाको मात्र प्रचार वा एकाधिकार रहने गरी आमसञ्चारका माध्ययमबाट विज्ञापन सामाग्री प्रकाशन, प्रसारण वा प्रदर्शन गर्न नपाउने कानूनी व्यवस्था गरिनेछ । | स्पष्ट पारिएको । |
| ४.९.६ | प्राकृतिक विपद्ले खडा गरेको सङ्कटका समयमा आवश्यक सूचना तथा सन्देश प्रवाह गर्न सहुलियत दरमा वा निःशुल्क प्रकाशन र प्रसारणको व्यवस्था | प्राकृतिक विपद्को समयमा आवश्यक सूचना तथा सन्देश प्रवाह गर्न सहुलियत दरमा वा निःशुल्क प्रकाशन र प्रसारणको व्यवस्था गर्न | सकारात्मक भाषामा सहयोग प्राप्त गर्न प्रोत्साहन गरिने विषय मात्र राखिनु उपयुक्त देखिएकोले सम्पादन |

| | | | |
|---|---|---|---|
| | सुनिश्चित गरिनेछ । | प्रोत्साहन गरिनेछ । | गरिएको । |
| ४.९.९ | विज्ञापनलाई स्थानीय तहकै सञ्चारमाध्यममा वितरण गर्नका लागि प्रोत्साहन गरिनेछ । | स्थानीय विज्ञापनलाई स्थानीय तहकै सञ्चारमाध्यममा वितरण गर्नका लागि प्रोत्साहन गरिनेछ । | स्पष्ट पारिएको । |
| ४.९.१० | विज्ञापन अतिरिक्त खर्च होइन लगानी हो भन्ने मान्यतालाई प्रवर्द्धन गरिनेछ । | व्यवसायीक विज्ञापन अतिरिक्त खर्च होइन लगानी हो भन्ने मान्यतालाई प्रवर्द्धन गरिनेछ । | यो सरकारको आफ्नो मान्यता भएकाले स्पष्ट पारिएको । |
| ४.१०.१ | प्रकाशन र प्रसारण जस्तै अन्य विविध सामग्रीको वितरण समेत अभिव्यक्ति स्वतन्त्रतासँग अभिन्न रूपमा जोडिएकाले टेलिभिजन सिग्नल र केवुल वितरणलाई डिजिटल प्रणालीमा रूपान्तरण गरिनेछ । | रेडियो तथा टेलिभिजन सिग्नल र केवुल वितरणलाई डिजिटल प्रणालीमा रूपान्तरण गरिनेछ । | स्पष्ट पारिएको |
| ४.१०.३ | केवुल प्रसारकहरूले स्थानीय वा सामुदायिक टेलिभिजनको प्रसारणलाई प्राथमिकताका साथ प्रसारण गर्ने व्यवस्था मिलाइने छ । | केवुल लगायतका अन्य प्रसारण पूर्वाधार सञ्चालकहरूबाट प्रादेशिक र स्थानीय वा सामुदायिक टेलिभिजनको प्रसारणलाई प्राथमिकताका साथ प्रसारण गर्ने व्यवस्था मिलाइने छ । | स्पष्ट र व्यापक पारिएको । |

**छ. नीतिमा थप हुनुपर्ने पक्ष :**

१) प्रदेश सञ्चार नीतिमा सरकारका सूचना र जानकारी नियमितरुपमा प्रवाह गर्न सार्वजनिक निकायहरूले समयवद्ध प्रेस सम्मेलन गर्ने, प्रदेशभित्रका सबै स्थानीय तहमा आमसञ्चारका माध्यम जस्तै रेडियो र पत्रपत्रिकाको प्रशारण–प्रकाशनका पूर्वाधारहरू स्थापना गर्ने, पत्रकारहरूको सक्रिय उपस्थिति प्रदेशका प्रत्येक वडासम्म पुऱ्याउने, नागरिक र प्रेस जगत तथा सरकारबीच संवादको उपयुक्त माध्यमका रुपमा प्रेस क्लवहरू प्रवर्द्धन गर्ने, प्रदेशभित्र पत्रकारहरूमध्ये कम्तीमा ३३ प्रतिशत महिलाहरूको सहभागिता सूनिश्चित गराउनुपर्ने आदि जस्ता विषय परेका छैनन् । यी विषय नीतिमा समेटिनु आवश्यक छ ।

२) आमसञ्चारका माध्ययमहरूको संरचना एवम् व्यवस्थापन तथा सम्पादकीय सामग्री दुवै पक्षमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई प्रोत्साहन गरिने पक्ष नीतिले समेट्न सकेको देखिदैन । यस विषयलाई थप गरिनुपर्छ ।

३) अनलाइन (इन्टरनेट प्लेटफर्म) माध्ययमबाट गरिने विज्ञापनबारे यस नीतिमा कही उल्लेख छैन । सो सम्बन्धी पनि नीतिगत व्यवस्था हुनुपर्छ ।

४) आमसञ्चार क्षेत्रमा कार्यरत रहेको जनशक्तिको क्षमता विकासको विषय आधारभूत नीतिमा समेटिएको भएपनि विषयगत नीतिमा विस्तृत र स्पष्ट पारी सरकारको दायित्वका रुपमा राखिनु आवश्यक छ । सो

विषयपनि छुटेको छ । अनुसन्धान र प्रशिक्षण जस्ता विषयमा काम गर्ने संस्थाहरूको विकासमा सहयोग पुऱ्याउने र प्रदेशस्तरीय आमसञ्चार तालिम केन्द्र स्थापना गन कुरा नीतिमा थप हुनुपर्दछ ।

५) निर्भयतापूर्वक पत्रकारिता गर्न पाउने वातावरणको प्रत्याभूति गर्ने तथा पत्रकारको भौतिक सुरक्षाको प्रत्याभूति गराइने पक्षलाई यस नीतिमा उल्लेख गरिएको छैन । पत्रकारहरूको सुरक्षाको दायित्व राज्यको हो । दिगो विकास लक्ष्यको लक्ष्य नं १६.१०.१ ले पनि सो सम्बन्धमा सरकारबाट स्पष्ट कार्ययोजना र मापदण्ड समेत तर्जुमा भई कार्यान्वयन गरिनुपर्ने कर्तव्य निश्चित गरेको छ। तसर्थ पत्रकारहरूको सुरक्षाको अनुगमनका लागि विशेष संयन्त्रहरू प्रवर्द्धन गर्ने कुरा नीतिमा थप हुनुपर्दछ ।

६) प्रदेश सञ्चार नीतिमा–हुलाक सेवाबारे कुनै कुरा उल्लेख छैन । प्रदेशवासी सबैलाई गुणस्तरीय हुलाक सेवा प्राप्त गराउने र रुग्ण रुपमा रहेको हुलाकको प्रभावकारी रुपमा पुर्नसंरचना गर्ने पक्ष सञ्चार नीतिको एक महत्वपूर्ण पक्ष हुनुपर्दछ ।

७) प्रदेशभित्रका सवै सार्वजनिक निकायबाट सूचनाको हकको सम्मान एवम् कार्यान्वयन गरिने तथा सूचना एवं तथ्याङ्कहरूको व्यवस्थापन गर्ने र अधिकतम स्वतःखुलासा गर्ने पद्धतिको प्रवर्द्धन गर्ने जस्ता कर्तव्यबारे यस नीतिमा केही उल्लेख छैन । सूचनाको सरल र सहज पहुँच आम नागरिकलाई प्रदान गर्नेबारे नीतिगत स्पष्टता र प्रतिबद्धता प्रदेश सरकारको रहेमा मात्र आमसञ्चारको पनि उपयुक्त नीति प्रवर्द्धन हुनपुग्दछ । तसर्थ यस सम्बन्धमा पनि नीतिगत परिच्छेद थप हुनुपर्दछ । दिगो विकास लक्ष्य नं १६.१०.२ हासिल गर्न पनि यसबारे नीतिमा उल्लेख गरिनु आवश्यक छ ।

८) नीतिमा इन्टरनेटको गुणस्तरीय पहुँच, फोनको पहुँच र रेडियो सिग्नलको पहुँच जस्ता विभिन्न सञ्चार पुर्वाधारहरूमाथि प्रदेशवासीको सरल र सहज पहुँच सुनिश्चित गरिने विषय पनि परेको देखिदैन । यस सम्बन्धमा पूर्वाधार विकास र पहुँच सुनिश्चित गरिने कुरा नीतिमा स्पष्टता साथ उल्लेख हुनु पर्दछ ।